२०८१ साउन ३१ कार्यपालिका बैठक कक्ष बैठक संख्या: १ २०८१/०८२

आज मिति २०८१ साउन ३१ गते बिहीबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिल:*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर वुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर वुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री विरेन्द्र वस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर वुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी वुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी वुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थिति:*

श्री अरुण कुमार ओली — प्रशासन शाखा प्रमुख

श्री ठकेन्द्र खत्री — आर्थिक प्रशासन शाखा प्रमुख

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

प्रस्तावहरुः

१. गत आर्थिक वर्षका कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा।
२. सिस्ने गाउँपालिकाको शाखागत वार्षिक समिक्षा मिति निर्धारण ।
३. रुकुमकोट सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०८१ स्वीकृत ।
४. सिस्ने गाउँपालिका करार कर्मचारी व्यवस्थापन सकार्यविधि २०८१ स्वीकृत ।
५. सिस्ने एप नविकरण ।
६. स्थानीय अनुकुलन कार्ययोजना (LAPA) अनुमोदन ।
७. सुरक्षित आप्रवासन कार्यक्रमको लागि कर्मचारी भर्ना ।
८. रुकुमकोट शहरी पूर्वाधार विकास कार्यक्रमको लागि साइट छनौट ।
९. विविध ।

निर्णय नं. १,

गत आर्थिक वर्षको कार्यपालिकाको बैठकका निर्णयहरु सन्तोषजनक भएको पाइयो । कार्यपालिकाका विषयगत समितिका बैठक बसी कार्यपालिकाका निर्णयहरु कार्यान्वयन गर्न सक्रिय हुने ।विषयगत समितिले सम्वन्धित शाखाको गतिविधिवारे मासिक बैठकमा जानकारी गराउने ।

निर्णय नं. २,

सिस्ने गाउँपालिकाको शाखागत वार्षिक समिक्षा मिति २०८१ भदौ ५ गते गाउँपालिकाको सभाकक्षमा सञ्चालन गर्ने । उक्त कार्यक्रममा कार्यपालिका सवै, र विषयगत समितिका सदस्य सबैलाई आमन्त्रण गर्ने ।

निर्णय नं. ३,

रुकुमकोट सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०८१ स्वीकृत गरी कार्यान्वयनको लागि जिल्ला समन्वय समितिमा पठाउने ।

निर्णय नं. ४,

सिस्ने गाउँपालिका करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८१ स्वीकृत गरी लागू गर्ने ।

निर्णय नं. ५,

सिस्ने गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरी सञ्चालन गरिएको सिस्ने एप नविकरण नभएर सञ्चालनमा नआएकोले तत्काल नविकरण गरी सञ्चालन गर्ने ।

निर्णय नं. ६,

किड्स कपिलवस्तु आइपास नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सिस्ने गाउँपालिकाको स्थानीय अनुकुलन कार्ययोजना (LAPA) अनुमोदन गर्ने ।

निर्णय नं. ७,

सुरक्षित आप्रवासन कार्यक्रमको लागि तपसिल बमोजिमका कर्मचारी सुरक्षित आप्रवासन कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१, मापदण्ड पालन गरी भर्ना गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई जिम्मा दिने ।

आप्रवासी स्रोतकेन्द्र परामर्शकर्ता २ जना एक जना महिला अनिवार्य

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मनोसामाजिक परामर्शकर्ता १ जना महिला
रिटर्नी स्वयंसेवक १ जना

निर्णय नं. ८,
रुकुमकोट शहरी पूर्वाधार विकास कार्यक्रमको लागि तपसिल बमोजिम साइट छनौट गरी कार्यान्वयनका लागि सघन शहरी तथा भवन निर्माण आयोजना घोराही दाङलाई पत्राचार गर्ने ।

तपशिलः

| योजनाको विवरण | कार्यान्वयन स्थान | अनुमानित बजेट रु हजारमा | कैफियत |
|---|---|---|---|
| कमलदह- बसपार्क - शसस्त्र प्रहरी क्याम्प हुँदै बसपार्क लुस्पा जोड्ने सडक खण्ड | सिस्ने-५ र ६ | १०००० | सडक नाला रिटेनिङ्ग स्ट्रक्चर पिचको काम DPR तयार भएको |
| मिलनचोक-खाल्टाबोट हुँदै बसपार्क जोड्ने सडक खण्ड | सिस्ने-५ र ६ | १०००० | रिटेनिङ्ग स्ट्रक्चर नाला केही खण्डमा ट्र्याक खोल्ने लगायतको काम |
| खाराचोक -चोकबजार हुँदै मारीपाखा जोड्ने सडक खण्ड | सिस्ने ५ | ८७०० | सडक नाला रिटेनिङ्ग स्ट्रक्चर पिचको काम DPR तयार भएको |

निर्णय नं. ९,
यही मिति २०८१ असोज ३ गते संविधान दिवसको अवसरमा उत्कृष्ट कर्मचारी तथा शिक्षक छनौट गरी पुरस्कृत गर्ने प्रयोजनको लागि प्रत्येक वडाले मिति २०८१ भदौ १५ गते भित्र कर्मचारी ३ जना र शिक्षक (२ जना महिला २ जना पुरुष) ४ जना गाउँपालिकामा सिफारिस गर्ने ।

निर्णय प्रमाणित
२०८१/०४/३१
रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष